# लोक सेवा आयोगको आर्थिक वर्ष २०७८/०७९ को वार्षिक प्रतिवेदन सम्माननीय राष्ट्रपति समक्ष पेश गरिएको

# प्रेस विज्ञप्ती

लोक सेवा आयोगले सम्बत् २०७९ साल असोज १३ गते बिहीबारका दिन आर्थिक वर्ष २०७८/०७९ को वार्षिक प्रतिवेदन सम्माननीय राष्ट्रपति समक्ष पेश गरेको छ । संविधानमा व्यवस्था भए अनुरूप लोक सेवा आयोगले विक्रम संबत् २०१६ सालदेखि हरेक वर्ष आफ्नो वार्षिक प्रतिवेदन राष्ट्रप्रमुख समक्ष पेश गर्दै आएको छ । आयोगबाट प्रस्तुत भएको यो त्रिसट्ठिऔं वार्षिक प्रतिवेदन हो ।

आयोगका तर्फवाट प्रतिवेदन पेश गर्दै माननीय अध्यक्ष श्री माधव प्रसाद रेग्मीज्यूले प्रतिवेदनमा समावेश भएका विषयका वारेमा विवरण प्रस्तुत गर्नुभयो । प्रतिवेदन ग्रहण गर्दै सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारीज्यूले नेपाली जनताको आस्था र विश्वासको धरोहरका रुपमा रहेको लोक सेवा आयोगले गरेका कामको प्रशंसा गर्दै सार्वजनिक प्रशासनलाई स्वच्छ र समावेशी वनाउन आयोग सफल हुनेमा विश्वास व्यक्त गर्नु भयो । सम्माननीय राष्ट्रपतिज्यूले पेश भएको प्रतिवेदनमा दिईएका सुझावलाई समयमा नै सम्बोधन गर्न सरकारको ध्यानाकर्षण गराउने समेत उल्लेख गर्नुभयो ।

यस प्रतिवेदनमा आयोगको कार्यसम्पादनका आधारहरू, प्रशासनिक तथा वित्तीय स्थिति, विज्ञापन र दरखास्त सम्बन्धी विवरण, परीक्षण प्रविधि, शैक्षिक योग्यता र पाठ्यक्रम निर्धारण सम्बन्धमा आयोगबाट भए गरेका कार्यहरू, परीक्षा सञ्चालन र उत्तरपुस्तिका परीक्षण सम्बन्धी विवरण, अन्तर्वार्ता तथा सिफारिस सम्बन्धी विवरण, समावेशी पदपूर्ति सम्बन्धी विवरण, सुरक्षा निकाय तथा सङ्गठित संस्थाको पदपूर्तिका लागि सञ्चालन भएका लिखित परीक्षा तथा लिखित परीक्षाबाट छनौट भएको विवरण, विभिन्न सेवा सम्बन्धी कानूनमा दिइएको परामर्श सम्बन्धी विवरण र बढुवा उजूरीमा आयोगबाट भएका निर्णय सम्बन्धी विवरण समावेश हुनुका साथै आयोगबाट विगतका प्रतिवेदनमा प्रस्तुत सुझाव कार्यान्वयनको स्थिति तथा सार्वजनिक सेवामा गर्नुपर्ने सुधार लगायत विषयमा सुझावहरू समेटिएको छ।

## आर्थिक वर्ष २०७८/०७९ को अवधिमा आयोगबाट सम्पादन भएका कार्य सम्बन्धी मुख्य तथ्यहरु:

- सेवा सञ्चालन गर्ने निकायबाट रिक्त पदपूर्तिका लागि आयोगमा माग भए अनुरूप आर्थिक वर्ष २०७८/०७९ को अवधिमा जम्मा १ हजार ३ सय ९७ वटा विज्ञापन तथा वढुवा सूचनाहरू बाट कूल ३ हजार ७ सय २७ पदका लागि विज्ञापन प्रकाशन गरिएको छ । उक्त विज्ञापनबाट बढुवातर्फ १ हजार २ सय ३३, आन्तरिक प्रतियोगितातर्फ २ सय ७१, खुला प्रतियोगितातर्फ १ हजार २ सय ६ तथा महिला, आदिवासी/जनजाति, मधेसी, दलित, अपाङ्ग र पिछडिएको क्षेत्रका समावेशी प्रतियोगितातर्फ जम्मा १ हजार १७ पदका लागि दरखास्त माग गरिएको थियो ।
- आन्तरिक प्रतियोगिता तथा खुला प्रतियोगिताका विज्ञापनतर्फ लोक सेवा आयोगको अनलाइन दरखास्त प्रणालीमा कूल ३ लाख ६५ हजार ४ सय ३४ दरखास्त प्राप्त भएका छन् ।
- आर्थिक वर्ष २०७८/०७९ मा भएका विज्ञापनहरुमा नेपालका ७७ वटै जिल्लावाट दरखास्त परेको छ । सबैभन्दा बढी दरखास्त पर्ने ५ जिल्लाहरु क्रमश: सप्तरी, धनुषा, सर्लाही, महोत्तरी र सिरहा रहेका छन् । उक्त पाँच जिल्लाबाट कुल ६६ हजार ५ सय ९५ अर्थात् १८ प्रतिशत दरखास्त परेका छन् । त्यस्तै सबैभन्दा न्यून दरखास्त पर्ने ५ जिल्लाहरुमा मनाङ, मुस्ताङ, रसुवा, डोल्पा र मुगु रहेका छन् । यी जिल्लाबाट कुल २ हजार ३ सय ४८ अर्थात् ०.६४ प्रतिशत मात्र दरखास्त परेका छन् ।
- यस अवधिमा आयोगले सञ्चालन गरेका विभिन्न परीक्षाका लागि निजामती सेवातर्फ सञ्चालित विभिन्न लिखित परीक्षाहरुमा ४८ हजार ६ सय ५३ महिला र ७९ हजार ४ सय ७ पुरुष उम्मेदवार गरी कूल १ लाख २८ हजार ६० उम्मेदवार सम्मिलित भएका छन् । परीक्षामा अनियमितता गर्ने ५ जना महिला र ४८ जना पुरुष गरी जम्मा ५३ जना उम्मेदवारहरू कारवाहीमा परेका छन् ।
- आर्थिक वर्ष २०७८/०७९ को अवधिमा निजामती सेवातर्फ कुल २ हजार ६ सय ७२ जना उम्मेदवारहरू स्थायी नियुक्तिका लागि सिफारिस भएका छन् । जसमा महिला ७ सय ३८ जना र पुरुष १ हजार ९ सय ३४ जना रहेका छन् । सबैभन्दा बढी उम्मेदवार सिफारिस हुने जिल्लामा क्रमश: स्याङजा, काठमाडौं, गुल्मी, मोरङ र अर्घाखाँची रहेका छन् । मनाङ जिल्लाका कुनैपनि उम्मेदवार सिफारिस हुन सकेनन् ।

- आर्थिक वर्ष २०७८/०७९ मा सिफारिस हुने उम्मेदवारको औसत उमेर ३१ वर्ष रहेको छ । प्रतिवेदन अवधिमा सिफारिस भएका कूल २ हजार ६ सय ७२ पद मध्ये आर्थिक वर्ष २०७६/०७७, २०७७/०७८ र २०७८/०७९ मा भएका विभिन्न विज्ञापनका क्रमश: १ हजार ८ सय ६१, ६ सय ३० र १ सय ८१ पद रहेका छन् । कोभिड महामारी, आयोगमा करिव ३ महिना पदाधिकारीको रिक्तता लगायतका कारणले अवरुद्ध भएका अघिल्ला वर्षका धेरै विज्ञापनको पदपूर्तिको कार्य प्रतिवेदन अवधिमा सूचारु गरी उल्लेख्य संख्यामा उम्मेदवार सिफारिस गरिएको छ ।

- समावेशी तर्फका विज्ञापनबाट यस अवधिमा कुल १ हजार २३ जना उम्मेदवार स्थायी नियुक्तिका लागि सिफारिस भएका छन्, जसमा महिलातर्फ ३ सय ८०, आदिवासी/जनजातितर्फ २ सय ८८, मधेसीतर्फ १ सय ९१, दलिततर्फ ७४, अपाङ्गतर्फ ५३ र पिछडिएको क्षेत्रतर्फ ३७ उम्मेदवार सिफारिस भएका छन् । प्रतिवेदन अवधि सहित अन्तिम १५ वर्षमा सबै समावेशी समूहबाट गरी कुल २२ हजार ६ सय ९२ उम्मेदवारहरू स्थायी नियुक्तिका लागि सिफारिस भएका छन् ।

- आर्थिक वर्ष २०७८/०७९ को अवधिमा कर्मचारी सेवा शर्त सम्बन्धी कानून, विभागीय सजाय आदि विषयमा विभिन्न निकायमा गरी कूल ४० वटा परामर्श प्रदान गरिएको छ । विभिन्न बढुवा समितिहरुवाट बढुवा सम्बन्धी कुल ९७ वटा सिफारिस भएकोमा विभिन्न सिफारिस उपर २८ वटा उजूरी आयोगमा प्राप्त भै उजुरी सम्बन्धी कारवाही पश्चात विभिन्न १८ वटा वढुवा संशोधन गर्ने गरी निर्णय भएको छ । त्यस्तै राजपत्राङ्कित १७ र राजपत्र अनंकित १२ गरी कूल २९ जना कर्मचारीलाई विभिन्न विभागीय सजाय गर्ने गरी परामर्श प्रदान गरिएको छ । यसरी सजायका लागि परामर्श प्रदान गरिएका मध्ये सवैभन्दा वढी १४ जना शाखा अधिकृत वा सो सरहका कर्मचारी रहेका छन् ।

- आर्थिक वर्ष २०७८/०७९ को अवधिमा विभिन्न सेवा, समूह र श्रेणीका ३० वटा पाठ्यक्रमहरु नयाँ निर्माण भएका छन् भने विभिन्न १ सय ७८ पदका पाठ्यक्रमहरु परिमार्जन भएका छन् । नेपाल स्वास्थ्य सेवा, नेपाल शिक्षा सेवा तथा सङ्घीय संसद सेवाका विभिन्न ८ वटा पदका पाठ्यक्रमहरु निर्माणको चरणमा रहेका छन् ।

- आर्थिक वर्ष २०७३/०७४ देखि नै आयोगले सुरक्षा निकाय तथा सङ्गठित संस्थाहरूको पदपूर्तिका लागि लिखित परीक्षा सञ्चालन गर्दै आएको छ । हाल सुरक्षा निकाय सहित ९५ वटा संस्था/निकायहरूको पदपूर्ति प्रक्रियामा आयोगको संलग्नता रहेको छ ।

- आर्थिक वर्ष २०७८/०७९ को अवधिमा आयोगबाट ३ वटा सुरक्षा निकाय र २६ वटा सङ्गठित संस्थाका २० हजार ३ सय ५३ पदमा पदपूर्तिका लागि विज्ञापन प्रकाशन गर्ने सहमति प्रदान गरिएको छ भने सम्बन्धित निकायवाट ७ सय ७७ पदका लागि विज्ञापन भएको छ । यस अवधिमा गत आर्थिक वर्षमा सहमति प्रदान गरिएका सहित कुल ३० वटा निकायका विभिन्न विज्ञापनका लागि लिइएका लिखित परीक्षामा सुरक्षा निकायतर्फ ८१ प्रतिशत र सङ्गठित संस्थातर्फ ४२ प्रतिशत उम्मेदवार सम्मिलित भएका छन् ।

- आयोग वाट सञ्चालित विभिन्न ३४ वटा निकायका ६ सय १२ विज्ञापनका लिखित परीक्षावाट ३१ हजार ३ सय ४९ उम्मेदवार छनौट गरी अन्तर्वार्ताका लागि सम्बन्धित निकायको पदपूर्ति समितिमा पठाईएको छ ।

## सार्वजनिक सेवामा सुधारका लागि सुझाव र कार्यान्वयन

- सङ्घीय निजामती सेवा ऐन जारी हुन नसक्दा समग्र कर्मचारी व्यवस्थापन र परिचालनको कार्य प्रभावित भएको सन्दर्भ औंल्याउँदै सम्मानित सर्वोच्च अदालतवाट कर्मचारी समायोजनका सम्बन्धमा भएका आदेश बमोजिम आवश्यक व्यवस्था गर्न र आयोगका यस अघिका प्रतिवेदन मार्फत दिईएका विभिन्न सुझावहरुलाई गम्भीरतापूर्वक ग्रहण गरी सङ्घीय निजामती सेवा ऐन अविलम्ब जारी गर्न सुझाव दिईएको छ ।
- यसका साथसाथै नेपालको सार्वजनिक प्रशासनमा सुधारका लागि अन्य विभिन्न सुझावहरु यस प्रतिवेदनमा समेटिएको छ ।

देवीप्रसाद सुवेदी
उपसचिव/सहायक प्रवक्ता

२०७९ साल असोज १३ गते, विहीवार